नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(................................. शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या :-

च.नं. :- ८५/३७१/६१७५

मिति : २०७५/१२/२१

श्री सचिव,

सहरी विकास मन्त्रालय ।

उद्यान विकास तथा व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषय मं.प.बै.सं. ६८/०७५ मिति २०७५/१२/२१ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"उद्यान विकास तथा व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको सहरी विकास मन्त्रालयको नं. २१/१५-०७५।१०।२ को प्रस्ताव मं.प.बै.सं. ५२/०७५ मिति २०७५।१०।३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५।११।२४ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जन गरिएको यसैसाथ संलग्न "उद्यान विकास तथा व्यवस्थापन कार्यविधि, २०७५" स्वीकृत गर्ने ।"

(लोकदर्शन रेग्मी)

मुख्यसचिव

शहरी विकास महाशाखा

दर्ता नं.:- ३५०

दर्ता मिति:- ०७५।१२।२८


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८

फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

इमेल : info@opmcm.gov.np

वेब साइट : http://www.opmcm.gov.np

# उद्यान विकास तथा व्यवस्थापन कार्यविधि

राष्ट्रको सामाजिक, साँस्कृतिक, जैविक पहिचानको संरक्षण र विज्ञान प्रविधिको प्रवर्द्धन गर्न एवं देशका विभिन्न उद्यान, बाटिका, मनोञ्जनस्थल, शहिद स्मारक एवं शान्ति उद्यानहरु मार्फत सर्वसाधारण जनताहरुलाई मनोरञ्जन प्रदान गर्न, पर्यटन व्यवसायको विकास गर्न, सहरी एवं ग्रामीण क्षेत्रको सुन्दरता कायम गर्न, सबैको पहुँच हुने गरी खुल्ला ठाउँको संरक्षण गरी विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउन, निश्चित मापदण्डको आधारमा विकास, प्रर्वधन र व्यवस्थापन गरी वातावरण र जनस्वास्थ्यमा समेत सकारात्मक सुधार ल्याउन आवश्यक भएकोले नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "उद्यान विकास तथा व्यवस्थापन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यान" भन्नाले साँस्कृतिक, ऐतिहासिक, सामाजिक एवं जैविक पहिचानको संरक्षण र प्रवर्द्धन गर्न तथा मनोरञ्जन गर्ने प्रयोजन समेतको लागि बनाईएको सार्वजनिक स्थल सम्झनु पर्छ ।

(ख) "उद्यान निर्माण तथा व्यवस्थापन समिति" भन्नाले दफा ७ बमोजिम गठित उद्यान निर्माण तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ग) "खुल्ला क्षेत्र" भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्ला स्थल सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले सहरीविकास मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "राष्ट्रिय उद्यान" भन्नाले राष्ट्रिय पहिचान बोकेको, राष्ट्रको सांस्कृतिक, ऐतिहासिक, सामाजिक एवं जैविक पहिचानको संरक्षण र प्रवर्द्धन गर्न तथा मनोरञ्जन गर्ने प्रयोजन समेतको लागि बनाईएको सार्वजनिक स्थल सम्झनु पर्छ ।

(च) "विभाग" भन्नाले सहरी विकास तथा भवन निर्माण विभाग सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित केन्द्रीय उद्यान समन्वय समिति सम्झनु पर्छ।

३. केन्द्रीय उद्यान समन्वय समितिः (१) राष्ट्रियस्तरको उद्यान, खुल्ला हरियाली स्थल, बाटिका तथा मनोरञ्जन स्थलसम्बन्धी नीति, मापदण्ड तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक केन्द्रीय उद्यान समन्वय समिति रहनेछः

(क) मन्त्री, सहरी विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, सहरी विकास मन्त्रालय -सदस्य

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(ङ) सहसचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(च) सहसचिव भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय -सदस्य

(छ) महानिर्देशक, विभाग -सदस्य सचिव

४. <u>समितिको बैठक र निर्णय:</u> (१) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(७) समितिले आवश्यक देखेमा सम्बन्धित बिषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उद्यान, वाटिका तथा मनोरञ्जन स्थलहरुको पहिचान गर्ने तथा ती स्थलहरुको विकास तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गर्ने र श्रोत साधन व्यवस्थापन गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने,

(ख) उद्यान, वाटिका तथा मनोरञ्जन स्थलहरुको विकास तथा निर्माणका लागि आवश्यक न्यूनतम मापदण्ड स्वीकृत गर्ने,

(ग) उद्यान, बाटिका तथा मनोरञ्जन स्थलहरुको सूचि स्वीकृत गर्ने,

(घ) राष्ट्रियस्तरको उद्यान घोषणा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ङ) राष्ट्रियस्तरका उद्यानहरुको गुरु योजना स्वीकृतिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(च) राष्ट्रिय स्तरका उद्यान निर्माण तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार उद्यान निर्माण तथा व्यवस्थापन समिति गठनका लागि सिफारिस गर्ने ।

६. <u>समितिको निर्णय कार्यान्वयन:</u> (१) समितिले गरेका निर्णयहरुको कार्यान्वयन विभाग अन्तर्गतका संघीय आयोजना कार्यान्वयन इकाईहरुले गर्नेछन्।

(२) उपदफा (१) बमोजिमका इकाईहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(क) राष्ट्रियस्तरको उद्यानको आवश्यकता पहिचान, विकास तथा संभाव्यता अध्ययन गर्ने,

(ख) उद्यान, बाटिका तथा मनोरञ्जन स्थलहरुको वर्गिकरण गर्ने, सूचि तयार गर्ने र स्वीकृतका लागि विभाग मार्फत समिति समक्ष पेश गर्ने,

(ग) उद्यानहरुको डिजाइन तथा लागत अनुमान तयार गरी स्वीकृतका लागि विभाग मार्फत समिति समक्ष पेश गर्ने,

(घ) समितिको निर्णय स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही उद्यानहरुको निर्माण, स्तरोन्नति, विस्तार, मर्मत, संभार र व्यवस्थापन गर्ने,

(ङ) समितिको निर्णय बमोजिम उद्यानको सञ्चालन तथा व्यवस्थापनका लागि उद्यान हस्तान्तरण गर्ने,

(च) शान्ति तथा पुनर्निर्माण परियोजना समेतबाट निर्माण भएका उद्यान वा स्मारकहरुको विवरण संकलन गरी व्यवस्थापनका लागि समिति समक्ष पेश गर्ने ।

७. <u>उद्यानहरुको वर्गिकरण एवं राष्ट्रियस्तरको उद्यान सम्बन्धी मापदण्डः</u> (१) उद्यान निर्माणको उद्देश्य तथा प्रयोजनका लागि उद्यानहरुलाई देहाय बमोजिम वर्गिकरण गर्न सकिनेछः-

(क) प्राकृतिक एवं पर्यावरणीय उद्यान,

(ख) साँस्कृतिक एवं ऐतिहासिक उद्यान,

(ग) वनस्पति उद्यान,

(घ) बाल उद्यान,

(ङ) विज्ञान तथा सूचना प्रविधि उद्यान,

(च) औद्योगिक उद्यान।

(२) अनुसूची-१ मा उल्लेखित मापदण्डका आधारमा केन्द्रिय समन्वय समितिले राष्ट्रियस्तरको उद्यान घोषणाका लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

८. <u>उद्यान निर्माण तथा व्यवस्थापनः</u> राष्ट्रियस्तरका उद्यानहरुको संरचना निर्माण तथा व्यवस्थापन गर्न तथा सो उद्यान क्षेत्रभित्र निर्माण गरिने संरचनाको काम कारवाही सूचारु रुपले सञ्चालन गर्नको लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची- १
(दफा ७ सँग सम्बन्धित)

राष्ट्रियस्तरको उद्यानको मापदण्ड देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) अवस्थित र पहुँच | • राष्ट्रिय उद्यान शहरको पहुँच भागमा अवस्थित हुनु पर्नेछ ।<br>• सबै वर्ग र समुदायको लागि सहज पहुँच हुनु पर्नेछ ।<br>• कम्तिमा दुई लेनको सडक (Approach Road) ले जोडिएको हुनुपर्नेछ ।<br>• नदि प्रणाली वा हरित क्षेत्र र खुल्ला क्षेत्रलाई अन्र्तरसम्बन्ध गरिएको हुनुपर्नेछ । |
| (ख) क्षेत्रफल / भू-उपयोग | • समितिले तोके बमोजिमको जग्गामा फैलिएको हुनुपर्नेछ ।<br>• उद्यानमा कम्तिमा पचास प्रतिशत भाग खुल्ला क्षेत्र हुनुपर्नेछ।<br>• उद्यानमा पन्ध्र प्रतिशत भन्दा बढी संरचनाहरु निर्माण गर्न पाइने छैन्।<br>• उद्यानमा कार्यालय क्षेत्र (कार्यालय, टिकट काउण्टर/ मिटिङ्ग हल, प्रतिक्षालय, सूचना केन्द्र, आदि), मनोरञ्जन क्षेत्र (पिकनिक स्थल, बाल उद्यान), खेलकुद क्षेत्र, पार्किङ्ग स्थल, लगायतका क्षेत्रहरु हुनु पर्नेछ । |
| (ग) राष्ट्रिय पहिचान र राष्ट्रियता झल्काउने | • उद्यानमा आवश्यकता अनुसार राष्ट्रिय पहिचान झल्काउने कला, वास्तुकला, बनस्पति, जातजातिको भेषभुषा, रहनसहनका बस्तुहरु समावेश हुनुपर्नेछ ।<br>• स्थानीय बनस्पती र फलफूलका रुख विरुवाहरु हुनुपर्नेछ ।<br>• आन्तरिक संरचना स्थानीय सीप, शैली, सामाग्री, प्रविधिबाट निर्मित हुनुपर्नेछ । |
| (घ) पूर्वाधार सेवा तथा सुविधाहरु | • साइकल ट्र्याक र पैदल मार्ग सबैको पहुँच योग्य, यथासंभव प्राकृतिक निर्माण सामग्रीबाट निर्मित हुनु पर्ने,<br>• उद्यानभित्र स्वच्छ खानेपानीको व्यवस्था हुनुपर्नेछ,<br>• उद्यानभित्र उपयुक्त स्थानहरुमा महिला, बालबालिकाहरु र फरक क्षमता भएका व्यक्तिका लागि समेत हुने गरी शौचालयको व्यवस्था हुनुपर्नेछ,<br>• फोहोरमैलाको उचित व्यवस्थापन हुनुपर्नेछ,<br>• बालबालिका, जेष्ठ नागरिक र फरक क्षमता भएका नागरिकहरुको लागि विशेष डिजाइन गरिएको फर्निसिङ्गको व्यवस्था हुनु पर्नेछ,<br>• आवश्यकता अनुरुपको विजुली वत्ति, सडक वत्ति, मनोरञ्जन/ पिकनिक स्थलहरुमा विद्युतीय शक्ति (पावर) को सुविधाहरुको व्यवस्था भएको हुनुपर्ने,<br>• खेल मैदान र पार्किङ्गस्थलको व्यवस्था हुनुपर्नेछ,<br>• बाल उद्यान र बालबालिकाहरुको लागि खेल्ने सामाग्रीहरुको व्यवस्था हुनुपर्नेछ । |
| (ङ) व्यवस्थापन र सञ्चालन | • उद्यानको अर्थ आर्जन र व्ययको कोष सञ्चालन पारदर्शी तरिका र व्यवस्थित भएको हुनुपर्नेछ।<br>• बनस्पती, फलफूलका बिरुवाहरुको स्याहार-सम्भार गर्न तालिम प्राप्त जनशक्ति र नर्सरीको व्यवस्था हुनुपर्नेछ ।<br>• नियमित सरसफाईको उचित व्यवस्था भएको हुनुपर्नेछ ।<br>• उद्यानमा सुरक्षाको उचित प्रवन्ध भएको हुनुपर्नेछ । |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं